नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# केन्द्रीय पञ्जीकरण विभाग

बबरमहल, काठमाडौं

पत्र संख्या: २०७३।०७४
चलानी नम्बर: १०५२

फो.नं. ०१४२३३८७९
फ्याक्स : ०१४२५८२४०

मिति: २०७४।०२।१९

श्री स्थानीय विकास अधिकारी ज्यू,
जिल्ला समन्वय समिति, सबै ।

श्री कार्यकारी अधिकृत ज्यू,
नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, सबै ।

**विषय: सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण VERSP-MIS मा इन्ट्री गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व. २०७४/७५ को बजेट वक्तव्य तथा यस सम्बन्धी सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गरिने व्यवस्था मिलाइने उल्लेख भए बमोजिम यस आ.व. को पहिलो किस्तामा लाभग्राहीहरुको विवरण बैंक मार्फत वितरण अनिवार्य गर्ने मन्त्रालयको निर्देशन अनुसार सम्पूर्ण लाभग्राहीहरुको बैंकमा खाता खोल्नु अनिवार्य भएको छ। बैंक खाता खोल्नको लागि लाभग्राहीहरुको विवरण व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्राणाली (VERSP-MIS) मा इन्ट्री, अध्यावधिक तथा प्रमाणीकरण गर्नु अनिवार्य रहेको छ। विभाग बाट सम्पूर्ण जिल्ला समन्वय समिति तथा नगरपालिकाहरुका सम्बन्धित व्यक्तिलाई VERSP-MIS संचालन सम्बन्धि तालिम प्रदान गर्ने कार्य सम्पन्न गरिसकेको र विभिन्न माध्यमबाट निरन्तर प्राविधिक सहयोग गर्ने व्यवस्था गरिएको छ। इन्ट्री तथा अध्यावधिक गर्ने कार्य सम्पन्न नगर्दासम्म सामाजिक सुरक्षा भत्ताको थप अख्तियारी नपठाइनुका साथै बैंक खाता खोलि भत्ता वितरण गर्न समेत नसकिने हुँदा मिति २०७४/०२/३० सम्ममा सम्पूर्ण लाभग्राहीहरुको विवरण VERSP-MIS मा इन्ट्री र मिति २०७४/०३/१० भित्रमा प्रमाणीकरण गर्ने कार्य सम्पन्न गर्नुहुन आदेशानुसार अनुरोध छ।

(भगवान अर्याल)
निर्देशक

**बोधार्थ:**
श्रीमान् सचिव ज्यू,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

Scanned by CamScanner